# त्रिभुवन विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## सूचना तथा जनसम्पर्क महाशाखा

कीर्तिपुर, काठमाडौं
नेपाल ।
फोन नं. ४३३०३४६


मिति: २०७८।०९।३०

# सूचना

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण विगत केही दिन यतादेखि तीव्र गतिमा वृद्धि हुन थालेकोले सम्भावित जोखिम नियन्त्रणकालागि विशेष सर्तकता अपनाई पूर्व तयारी एवं सतर्कता अवलम्बन गर्न आवश्यक रहेकोले देहाय बमोजिम गर्न गराउन विश्वविद्यालय अन्तर्गतका सम्बन्धित सबैलाई कार्यकारी परिषदको निर्णय अनुसार सूचित गरिन्छ ।

१) त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सम्पूर्ण विभाग/आंगिक क्याम्पसहरुले हिउँदे/बर्षे बिदा पाउने शिक्षक/कर्मचारी/विद्यार्थीहरूलाई हिउँदे/बर्षे बिदाबाट मिलान गर्ने गरी २०७८ माघ १० गतेसम्म बिदा दिने ।

२) निकटमै परीक्षा हुने भई पठनपाठन अनिवार्य देखिएका कार्यक्रमहरूको कक्षा विद्युतीय माध्यम (Online) बाट बिदाका दिनहरूमा समेत यथावत सञ्चालन गर्ने । सोकालागि सबै शिक्षक/कर्मचारी/विद्यार्थीहरूको इमेल आई डी बनाइराख्ने ।

३) हाल सञ्चालनमा रहेका सबै परीक्षाहरू यथावत सञ्चालन गर्ने । परीक्षा केन्द्रहरूमा संक्रमण नियन्त्रणकालागि पूर्ण सावधानी अपनाउँदै तोकिएको भौतिक दुरी कायम गरी सञ्चालन गर्ने व्यवस्था गर्ने ।

४) स्थानीय निकायबाट जारी सूचना समेतलाई मध्यनजर गरी ती निकायहरूसंग आवश्यक समन्वय गरी दैनिक प्रशासनिक कार्य सञ्चालन गराउने ।

५) त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान तथा कृषि र पशु विज्ञान अध्ययन संस्थान अन्तर्गतका अस्पताल एवं स्वास्थ्य सम्बन्धी निकायहरुले नेपाल सरकारको निर्णय, निर्देशन र सूचना बमोजिम गर्ने गराउने ।

६) विश्वविद्यालय अन्तर्गतका सम्पूर्ण निकाय/कार्यालयहरूमा साबुन पानी र सेनिटाइजरको व्यवस्था गरी आवश्यक सावधानीका उपायहरू अपनाई सुरक्षित रुपमा कार्यगर्ने वातावरण मिलाउने ।

७) कोभिड-१९ संक्रमण, सम्बन्धमा काठमाडौं उपत्यका लगायतका स्थानीय निकायहरुले २५ जनाभन्दा बढी संख्यामा भेला नहुने सूचना जारी गरेको हुँदा सोही अनुसार क्याम्पसका छात्रावासहरूमा आवश्यक व्यवस्था मिलाउने ।

८) स्थानीय निकायसँग समन्वय गरी भौतिक उपस्थितिमा कक्षा लिन सकिने अवस्था भएमा सोही अनुसार गर्ने र भौतिक उपस्थितिमा कक्षा लिन सकिने अवस्था नभएमा विद्युतीय माध्यम (Online) बाट कक्षा सञ्चालन गर्ने । प्रयोगात्मक (Practical) कक्षाहरू भने संक्रमण नियन्त्रणकालागि पूर्ण सावधानी अपनाउँदै तोकिएको भौतिक दुरी कायम गरी सञ्चालन गर्ने व्यवस्था गर्ने ।

# त्रिभुवन विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## सूचना तथा जनसम्पर्क महाशाखा

कीर्तिपुर, काठमाडौं
नेपाल ।
फोन नं. ४३३०३४६

९) कुनै शिक्षक, कर्मचारीलाई कोरोना भएमा १० दिन विदा दिने र सम्बन्धित शाखा ३ दिन बन्द गर्ने ।

१०) आफ्नो निकायमा कुनै शिक्षक, कर्मचारी वा विद्यार्थीलाई कोरोना भएमा info@tu.edu.np मा जानकारी गराउने ।

योगेन्द्रप्रसाद दाहाल
प्रमुख